# प्रदेश लोक सेवा आयोग

(प्रशासन, योजना तथा कानून शाखा)

मधेश प्रदेश
जनकपुरधाम, धनुषा, नेपाल

प.सं.२०८२।८३
च.नं. २१३३

मितिः२०८३।०१।२९

विषयः स्तरवृद्धि/तहवृद्धि सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)
मधेश प्रदेश

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा (२२) मा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौं तहका कर्मचारीहरूलाई नियुक्ति मिति देखि लागू हुने गरी सातौं तहमा तह मिलान गरिदिने व्यवस्था छ । साथै सोही ऐनको दफा २९ को उपदफा (१) मा स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्नका लागि तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा न्यूनतम तीन वर्षको सेवा अवधि पूरा भएको हुनुपर्ने र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत अस्सी प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने अनिवार्य मापदण्ड तोकिएको छ । तर कतिपय पालिकाहरूले ऐ.ऐनको दफा ८ को उपदफा (२२) को व्यवस्था वमोजिम सातौं तहमा तहमिलानको प्रावधानलाई अपव्याख्या गरी छैठौं बाट सातौं तहमा मिलान हुनासाथ सो तहमा काम गर्नुपर्ने न्यूनतम ३ वर्षको अवधि र कार्यसम्पादनको शर्त पूरा नै नगरी आठौं तहमा स्तरवृद्धि गरेको भन्ने यस आयोगमा जानकारी प्राप्त भएको, गैरकानूनी तवर बाट स्तरवृद्धि/तहवृद्धि सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग मा प्राप्त उजुरी सम्बन्धमा यस आयोगमा लेखीआएको साथै सामाजिक सञ्जालमा समेत यस प्रकारको सूचना सम्प्रेषण भइरहेको देखिएकोले प्रत्येक पालिकाहरूबाट यस सम्बन्धमा आवश्यक छानविन गरी प्रक्रिया नपुगी स्तरवृद्धि/तहवृद्धि भएको पाइएमा उक्त तहवृद्धि तुरुन्त रद्द गरी सोको जानकारी यस आयोग मा लेखीपठाउनुहुन, आयोगको मिति २०८३।०१।२८ को निर्णयानुसार जानकारी गराइन्छ ।

वोधार्थः

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाण्डौं
- महालेखापरीक्षकको कार्यालय, अनामनगर काठमाण्डौं
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास

.....................
(चिरन्जीवी गौतम)
नि.सचिव